लुम्बिनी प्रदेश सरकार
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय
बुटवल

# विद्युत महशुलमा सहुलियत कार्यक्रममा सूचिकृत हुन आउने प्रस्ताव सम्बन्धी सूचना

सूचना नं. ०२/०८१/०८२

प्रथम पटक सूचना प्रकाशन मिति २०८१/ ०८/१०

पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय,लुम्बिनी प्रदेशको आ ब २०८१/८२ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार विद्युत महशुलमा सहुलियत कार्यक्रममा सहभागी हुन इच्छुक आवेदकले सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र (मिति २०८१/०८/२४ गते सम्म) यस निर्देशनालय मातहतका नवलपरासी, रुपन्देही, कपिलवस्तु, दाङ्ग, बाँके र वर्दिया जिल्ला स्थित भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र वा एकीकृत कृषि तथा पशुपन्छी विकास कार्यालयमा मत्स्य फार्म/व्यवसाय/ह्याचरी सूचिकृतका हुनका लागि निवेदन पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। थप जानकारीका लागि कार्यलयको सम्पर्क नम्बर ०७१-५२०४३६ वा सम्पर्क व्यक्तिको मोवाईल नं. ९८५७०५१९७५ मा सम्पर्क गर्न सकिन्छ। रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरू समावेश नहुने व्यहोरा समेत जानकारी गराइन्छ।

| क्र.स. | कार्यक्रम | न्यूनतम मापदण्ड | कार्यक्रम सञ्चालन हुने क्षेत्र वा स्थान | लक्षित अनुदानग्राही | अनुदानको सीमा |
|---|---|---|---|---|---|
| १ | विद्युत महशुलमा सहुलियत | • निजी मत्स्य फार्म/ व्यवसाय/ ह्याचरीको नाममा छुट्टै मिटर बक्स भएको<br>• कम्तीमा १५ कठ्ठा जलाशयमा मत्स्य पालन गरेको<br>• मतस्य पोखरी सञ्चालन वापत लागेको विद्युत महशुलको विल पेश गरेको | लुम्बिनी प्रदेशका तराईका ६ जिल्लाहरु (नवलपरासी, रुपन्देही, कपिलवस्तु, दाङ्ग, बाँकि र वर्दिया | निजी मत्स्य फार्म/ व्यवसाय /ह्याचरी | • सम्बन्धित कार्यालयबाट स्थलगत अनुगमन सम्पन्न भए पश्चात जेष्ठ मसान्तसम्म उठेको वास्तविक विल वा वार्षिक रुपमा उठेको कुल विद्युत महशुलको ५०% वा रु. ५० हजार मध्ये जुन रकम न्यून हुन आउछ त्यही रकम भुक्तानी गरिने छ। |

नोट: सूचनामा छुट हुन गएका बुँदाहरु कृषि तथा पशुपन्छी विकास कार्यक्रम संचालन कार्यविधि, २०८१ मा भएको व्यवस्था वमोजिम गरिने छ।

निर्देशक